*भूमिका*

# मिडियाको अध्ययनः हाम्रो प्रयास

*प्रत्यूष वन्त र रमेश पराजुली*

नेपाली मिडियाबारे प्रक्रियाबद्ध र प्राज्ञिक अध्ययन नभएको ठानी करिब पाँच वर्षअघि हामीले यो क्षेत्रमा हात हालेका हौं । नेपाली मिडिया उत्पादक संस्थाहरू र तिनको कामबारे गरिएको सानो सर्वेक्षणबाट यो प्रयास शुरु भएको हो (वन्त साथमा गौतम सन् १९९८) । त्यसपछि हाम्रा प्रयासहरूले विभिन्न बाटो समातेका छन्: केही अरू संस्था र व्यक्तिहरूको सहयात्रामा, केही आन्तरिक मिडिया अनुसन्धान समूहको मात्र संलग्नतामा । सानो प्रयासबाट शुरु भएको यात्रा लम्बिदै जाँदा यात्रीको सङ्ख्या र अध्ययन दायरा दुवैमा सन्तोषजनक वृद्धि भएको छ ।

मिडियाको अध्ययन/विश्लेषण भनेको परस्पर सम्बन्धित विभिन्न प्राज्ञिक क्रियाकलापको एउटा 'प्याकेज' हो । विश्वका कतिपय मुलुकहरूमा 'मिडिया स्टडिज' शीर्षकअन्तर्गत औपचारिक कार्यक्रमहरू छन् । विभिन्न विधामा प्रशिक्षित मिडिया अनुसन्धाता/विश्लेषकहरू; मिडिया अनुसन्धानलाई प्राज्ञिक र आर्थिक टेवा दिने फाउण्डेशनहरू; साथै नाफामुखी र गैर-नाफामुखी प्रकाशकका विभिन्न अनुसन्धान र प्रकाशनका कामले मिडिया-अध्ययन परम्परालाई बलियो आधार दिलाइसकेको छ । हामीकहाँ त्यसो भैनसकेको हुँदा कतिपय अनुसन्धान, त्यसको लागि चाहिने स्रोत जुटाउने प्रयास एवं प्रकाशनको अभिभारासमेत एउटै समूहमाथि पर्न जान्छ । हाम्रो यही अनुभव छ र यहाँ मिडिया-अध्ययन गर्ने अन्य व्यक्तिहरूको अनुभव पनि यस्तै होला भन्ने ठानेका छौं ।

पाँच वर्षको प्रयासलाई फर्केर हेर्दा मिडिया-अध्ययन परम्पराको जग बसाल्न हामीले के गर्‍यौं त ? भन्ने प्रश्न स्वाभाविक रूपमा अगाडि आउँछ । हाम्रा कार्यहरू मिडिया अध्ययन प्याकेजका विभिन्न पाटामा छरिएका छन् । तिनलाई तीन प्रमुख शीर्षकमा विभाजन गरी चर्चा गर्न सकिन्छ: १) छलफल, २) अनुसन्धान र मिडिया उत्पादनका लागि स्रोत-सामग्रीको निर्माण, र ३) मिडियाका विभिन्न पक्षबारे विविधि विश्लेषण ।

***छलफल*** मार्टिन चौतारीको नियमित मङ्गलबारे छलफल शृङ्खलामा मिडियाबारे छलफलहरू पहिलेदेखि नै हुने गर्थे । तर मिडियाबारे छुट्टै छलफल शृङ्खलाको आवश्यकता महसुस गरी अगष्ट २००१ देखि शुरुमा पाक्षिक र केही महिनापछि साप्ताहिक रूपमा (हरेक बिहीबार) चल्न थालेको छलफल शृङ्खला जारी छ । अनुसन्धाता, मिडिया पेशेवर र उपभोक्ताहरूका लागि यो शृङ्खला सिक्ने र सिकाउने रमाइलो अवसर सावित भएको छ । २००३ को मे महिनाको अन्तसम्ममा करिब ६० वटा मिडिया-छलफल कार्यक्रम सम्पन्न भएका छन् । औसतमा करिब ३० व्यक्तिहरू छलफलमा सहभागी हुनेगरेका छन् । टेलिभिजन, रेडियो र प्रिन्ट तीनवटै मिडियाका महत्वपूर्ण पक्ष, मिडिया प्रशिक्षण, मिडिया–प्रजातन्त्र–समाजका अन्तरसम्बन्ध, इत्यादि विषयहरूमा छलफल भएका छन् । अनुसन्धानको प्रारम्भिक नतिजालाई पनि छलफलमा राखेर परिमार्जन गर्ने गरिएको छ ।

छलफलको अर्को पाटो मिडियासम्बन्धी बहसहरूमा सहभागीता हो । विभिन्न सञ्चार माध्यममा देखाइने, बज्ने र छापिने मिडियासम्बन्धी बहसमा हाम्रा समूहका सदस्यको संलग्नता रहेको छ भने मिडियासम्बन्धी अन्य छलफलमा टिप्पणीकारको हैसियतमा उपस्थिति रहने गरेको छ । अनुसन्धाता-हरूले मिडियाका विभिन्न पक्षबारे लेख लेख्ने तथा मिडियासम्बन्धी पुस्तकहरूको समीक्षा पनि गर्ने गरेका छन् । नेपाली मिडियासम्बन्धी अध्ययन अनुसन्धान गर्न चाहने अरूसँग अनौपचारिक छलफल र सल्लाहको क्रम पनि जारी छ । प्रायः यी काम नेपालीमा र केही अङ्ग्रेजीमा पनि भइरहेको छ ।

***मिडिया अनुसन्धान र उत्पादनका लागि स्रोत-सामग्रीको निर्माण*** दुईथरीका स्रोत-सामग्री निर्माणमा हामी कार्यरत छौं । पहिलो, सन्दर्भ सामग्रीहरूको पाठ सङ्कलन गरी तयार गरिएका 'रिडर'हरू–*छापामा महिला* (वन्त र अरू सन् १९९९), *छापामा जनजाति* (वन्त र अरू सन् २००१) र *छापामा दलित* (वन्त र अरू सन् २००१)–यसका उदाहरण हुन् । विशिष्ट सामाजिक आन्दोलनले उठाएका सवालहरू मिडियाको रिपोर्टिङ र विचार पृष्ठमार्फत कसरी प्रकाशित भएका छन् भन्ने अध्ययनपश्चात् केही मापदण्डको आधारमा छानिएका स्रोत-सामग्री सङ्कलन गरी ती रिडर बनाइएका हुन् । ती पुस्तक तयार गर्नुपछाडिको मनसाय सामाजिक आन्दोलनलाई बुझ्न र तिनले उठाएका सवालहरूलाई अझ सशक्त ढङ्गबाट रिपोर्टिङ गर्न सजिलो होस् भन्ने हो । यद्यपि, ती पुस्तक मिडियाइतर विधाका प्रयोगकर्ताहरूलाई पनि उपयोगी भएको छ भन्ने प्रतिक्रिया हामीले पाएका छौं । रिडर बनाउने क्रममा सम्बन्धित विषयका केही प्रारम्भिक पाठ्यक्रम पनि तयार गरिएका छन् ।

निश्चित विषयमा लेखिएका प्रकाशित र अप्रकाशित सामग्रीहरूको सूची तयार गरी दोस्रोथरीका स्रोत-सामग्री निर्माण गरिएको छ । क्षेत्रीय मिडिया, स्थानीय रेडियो, मिडियाका विषयवस्तु विश्लेषणलगायत अन्य विषयमा हामीले

काम गर्दा यस्ता सूची बनाउने र तिनलाई परिमार्जित गरी प्रकाशित गर्ने काम गर्दैआएका छौं । मे २००३ मा यस्तो सूचीको विस्तृत पुस्तक नै निकाल्न हामी सफल भयौं जसमा मिडियाका विविध पक्षहरूबारे लेखिएका झण्डै ४२ सय सामग्रीहरूलाई ३१ शीर्षकमा विभाजन गरिएको छ (पराजुली र अरू सन् २००३) । मिडिया अनुसन्धानको प्रारम्भिक कठिनाइलाई यो पुस्तकले केही सहज तुल्याउने छ भन्ने विश्वास हामीले लिएका छौं ।

कुनै पनि विषयको प्राज्ञिक अनुसन्धान अघि बढाउने प्राथमिक माध्यम रिडर र सन्दर्भ ग्रन्थ सूची हुन् । मिडियाको गम्भीर अध्ययनलाई गति दिन ती काम गरिएका हुन् । हामीले तयार गर्न नभ्याएका अन्य विषयको रिडर र सन्दर्भ ग्रन्थ सूची बनाउने काम अरूबाट हुनेछ भन्ने आशा राखेका छौं ।

***मिडियाका उत्पादन र संस्थागत पक्षबारे गरिने विविध विश्लेषण***

मिडियाको विषयवस्तुको अध्ययन गर्ने क्रममा हामीले दलित, जनजाति, माओवादी आन्दोलन, वातावरणीय आन्दोलन, बाढी-पहिरो प्रकोप, वातावरणीय न्याय, गरिबी, एचआइभी/एड्स र महिलाहरूको जीविकासम्बन्धी सवाल-हरूबारे अध्ययन गरेका छौं । मिडियाको विषयवस्तु उत्पादन गर्ने संस्थागत संरचनासमेत अध्ययन गर्दा उत्पादकहरूको सामाजिक परिचय– दलित, जनजाति र महिलाबारे सर्वेक्षण, क्षेत्रीय मिडिया, सन्ध्याकालीन पत्रिकाहरू, टेलिभिजनमा देखाइने केही रिपोर्टिङ, गैरसरकारी संस्थाबाट सञ्चालित पत्रिकाहरू, फिचर सेवाहरू, खोज पत्रकारिता केन्द्रको काम, रेडियो नेपालबाट बज्ने कार्यक्रमहरू, स्थानीय एफएम रेडियोमा बज्ने कार्यक्रमहरू, इन्टरनेटमा नेपाली समाचारको अन्तर्वस्तु इत्यादि विषयहरूमा हामीले अध्ययन गरेका छौं (वन्त सन् २००२; वन्त र पराजुली सन् २००१; वन्त, पराजुली र पराजुली सन् २००२; वन्त र मैनाली सन् २००२) । यीमध्ये केही अध्ययनहरू हाम्रो समूहभन्दा बाहिरका अनुसन्धाताहरूलाई घच्घच्याएर गर्न लगाइएको हो । यी अध्ययनहरूलाई निर्देशन, सम्पादन र सङ्कलन गर्ने काम हामीले गरेका छौं ।

त्यसैगरी, मिडियाबारे अनुसन्धान/लेखन गरिरहेका अन्य व्यक्तिहरूको कामलाई सघाउने, उनीहरूको पुस्तक परिमार्जन गर्ने काम पनि अघि बढिरहेको छ । त्यसैअन्तर्गत डा. देवीप्रसाद ओझाको *सुदूरपश्चिममा पत्रकारिता,* प्रमोद प्रधानको *मोरङमा पत्रकारिताको अर्ध शताब्दी,* केशवराज पराजुलीको *सम्पादकको कलम* र शिव रेग्मीको साहित्यिक पत्रिकाहरूमाथिको अध्ययन यसै वर्षभित्र प्रकाशित हुनेछन् । अन्य लेखकको काम सम्भव तुल्याउने र उनीहरूको लेखनलाई परिमार्जन गर्न सहयोग पुऱ्याउने कार्य मिडिया-अध्ययन परम्परा बलियो बनाउन अति आवश्यक काम हो ।

मिडिया अनुसन्धानलाई गति दिन हामीले अनुसन्धाता रोजाइमा उमेरलाई विशेष प्राथमिकता दिएका छौं । कलिला युवकदेखि विश्वविद्यालयको पढाइ सकेर 'करिअर' बनाउन खोजिरहेका व्यक्तिहरू अनुसन्धान समूहका सदस्य

रहेका छन् । त्यसले अनुसन्धान-प्रशिक्षणमा भविष्यलाई ध्यानमा राखिएको पुष्टि त हुन्छ नै, उनीहरूको जोश र जाँगरले थोरै समयमा धेरै काम पनि सम्भव हुँदै आएको छ ।

माथि उल्लिखित कामहरू गर्न हामीलाई विभिन्न दाताहरूले आर्थिक सहयोग उपलब्ध गराएका छन् । तर हाम्रो अध्ययन र अनुसन्धानमा ती दाताहरूको कुनै हस्तक्षेप महसुस भएको छैन । हामीले उत्पादन गरेका सामग्री उनीहरूले प्रकाशित भैसकेपछि मात्र देख्ने गरेका छन् । यद्यपि, दाताहरूले समय-सीमा भने तोक्ने गरेका छन् जसले गर्दा थोरै समयमा धेरै काम गर्नुपर्ने बाध्यता चाहिँ छ ।

प्रस्तुत पुस्तक *मिडियाको चिरफार: केही सामाजिक सन्दर्भ* विषयवस्तुको पाठ्यअध्ययन परम्परामा पर्दछ । यसमा परेका वातावरणीय न्यायसम्बन्धी दुईवटा अध्ययन एवं गरिबी, एचआइभी/एड्स र महिला जीवनवृत्तिबारे मिडिया कभरेजको एक-एकवटा अध्ययनमा मिडियाको प्रस्तुतिको सबल तथा दुर्बल पक्ष केलाइएको छ । मिडिया कभरेजको विश्लेषण गर्दा संस्थागत कारणहरूको खासै खोजतलास गरिएको छैन (यस्ता किसिमका विश्लेषणका लागि हेर्नुहोस् पराजुली र वन्त सन् २००३) । यो पुस्तकमा परेका विषयका विशिष्टज्ञाता हाम्रा सहकर्मी डा. जगन्नाथ अधिकारीले पुस्तकको परिचय लेखिदिनुभएको छ । उहाँले पुस्तकका लेखहरू कुन सन्दर्भमा मूल्याङ्कन गर्ने भन्ने कुरा विस्तृतमा चर्चा गर्नुभएकाले यहाँ दोहोऱ्याउन चाहँदैनौं ।

समाजका विभिन्न मुद्दालाई उठाएर सबैसामु पुऱ्याउने महत्वपूर्ण विधा हो मिडिया । समाचार, सम्पादकीय र दृष्टिकोणमार्फत पक्ष-विपक्षमा विचार प्रवाह र बहस अघि बढाउने मिडियाको एक प्रमुख जिम्मेवारी हो । यो जिम्मेवारीलाई हाम्रो मिडियाले कसरी र कति प्रभावकारी रूपमा निर्वाह गरिरहेको छ भनेर केही सामाजिक सवालहरूको सन्दर्भमा केलाउने प्रयास यो पुस्तकमा भएको छ । पुस्तकले मिडियाकर्मी र मिडिया संस्थाहरूलाई आउँदा दिनमा झक्झक्याउन सक्यो भने मिडियाको गतिशीलतामा सहायक भएछौं भन्ने पुष्टि हुनेछ ।

## सन्दर्भ सामग्री

पराजुली, रमेश र प्रत्यूष वन्त, सं. सन् २००३. *मिडिया उत्पादन र अन्तर्वस्तु.* काठमाडौं: मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

पराजुली, शेखर, प्रत्यूष वन्त, कृष्ण अधिकारी, कोमल भट्ट र देवराज हुमागाईं, सं. सन् २००३. *नेपाली मिडिया सन्दर्भ ग्रन्थ.* काठमाडौं: मार्टिन चौतारी र सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

वन्त, प्रत्यूष, सं. सन् २००२. *क्षेत्रीय मिडियाः विगत र वर्तमान.* काठमाडौंः मार्टिन चौतारी/सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

वन्त, प्रत्यूष, कुमार यात्रु र भास्कर गौतम, सं. सन् २००१. *छापामा जनजाति.* काठमाडौंः एकता बुक्स.

वन्त, प्रत्यूष, प्रमोद भट्ट, विद्यानाथ कोइराला, खगेन्द्र सङ्ग्रौला र सीके लाल, सं. सन् २००१. *छापामा दलित.* काठमाडौंः एकता बुक्स.

वन्त, प्रत्यूष र रघु मैनाली, सं. सन् २००२. *स्थानीय रेडियोः सम्भावना र उपयोगिता.* काठमाडौंः नेपाल प्रेस इन्स्टिच्यूट र मार्टिन चौतारी.

वन्त, प्रत्यूष, रमेश पराजुली र रमा पराजुली, सं. सन् २००२. काठमाडौंः मार्टिन चौतारी/सामाजिक विकास तथा अनुसन्धान केन्द्र.

वन्त, प्रत्यूष र शेखर पराजुली, सं. सन् २००१. *नेपाली मिडियामा दलित तथा* जनजाति. काठमाडौंः एकता बुक्स.

वन्त, प्रत्यूष, शोभा गौतम र अमृता बाँस्कोटा, सं. सन् १९९९. *छापामा महिला.* काठमाडौंः नेपाल प्रेस इन्स्टिच्यूट.

Onta, Pratyoush with Bhaskar Gautam. 1998. Media Institutions and Media Advocacy in Nepal. Unpublished report prepared by Centre for Social Research and Development for Action Aid Nepal.